# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं.:०७७।०७८ विपद
च.नं. ६४६२

मिति : २०७८।१।२२

**विषय : कोरना नियन्त्रणमा टोल सुधार संस्थाहरूको भूमिका बारे ।**

श्री सबै वडा कार्यालयहरु (१ देखि २९),
श्री सबै टोल सुधार/ विकास समितिहरू,
भरतपुर महानगरपालिका

भरतपुर महानगरपालिका क्षेत्रभित्र कोरना सङ्क्रमणको दोस्रो चरणमा अत्यधिक मात्रामा सङ्क्रमितहरु बढेको सन्दर्भमा यसको रोकथाम र नियन्त्रणको लागि स्थानीय टोल सुधार/विकास संस्थाहरुको भूमिका महत्वपूर्ण ठानिएको र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाटबाट समेत टोल सुधार समिति वा उपभोक्ता समितिबाट देहाय बमोजिम गर्नु गराउनु भनी लेखिइ आएकाले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

१) कोभिड १९ सम्बन्धमा ब्यास भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरू पालना गर्न प्रोत्साहन गर्ने ।

२) परीक्षण, क्वारेन्टिन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने ।

३) होम क्वारेन्टिन वा आइसोलेसनमा बस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तह (वडा कार्यालय) मा दिने ।

४) घर वा होटलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फलोअप गर्ने, सूचना अद्यावधिक गर्न कन्ट्याक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने ।

५) दुई मिटरको भौतिक दुरी, माक्सको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरू पालना भए नभएको सूचना वडा कार्यालय वा स्थानीय प्रशासनलाई दिने ।

६) साठी वर्ष माथिका नागरिक तथा दीर्घ रोग भएका व्यक्तिलाई बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने भएमा जनस्वास्थ्यका न्यूनतम् मापदण्ड पालना गर्न लगाउने ।

..............................
भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np